मिति :- २०७९/०३/२५ गते

समय :- विहान ठीक ८:०० बजे

स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको **चौथो बैठक** नगर प्रमुख श्री पुष्प बादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

# मिति २०७९/०३/२५ गतेको नगर कार्यपालिकाको चौथो बैठकमा पेश भएका प्रस्तावहरू

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार लक्षित नगद हस्तान्तरण प्राप्त गर्ने लाभग्राही अन्तिम सूची स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव | कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार लक्षित नगद हस्तान्तरण प्राप्त गर्ने लाभग्राहीहरूको सूची दावी विरोधका लागि प्रकाशन गरिएकोमा दावी विरोधमा परेकाहरू मध्ये छानवीन गरी अन्तिम सूची स्वीकृत गर्ने । | |
| २ | ठेक्काको म्याद थप गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाबाट विभिन्न मितिमा आव्हान गरिएका ठेक्काहरु स्थानीय तह निर्वाचन, समयमै मनसुन सुरु भइ सडक अवरुद्ध जस्ता कारणले समयमा सम्पन्न हुन नसकेकोले म्याद थप गर्ने । | |
| ३ | सहिद स्मृति नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन सुझाव सङ्कलन कार्यदल गठन गर्ने सम्बन्धी प्रस्ताव | सहिद स्मृति नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन सुझाव सङ्कलन कार्यदल गठन गर्ने । | |
| ४ | शिक्षक कर्मचारीहरूको पदपूर्ति गर्ने सम्बन्धी प्रस्ताव | नगर करार शिक्षक तथा कर्मचारीहरूको दरबन्दी अनुसार रिक्त रहेका पदहरुमा पदपूर्ति गर्ने । | |
| ५ | करार कर्मचारीहरूको म्याद थप गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको कार्यालय अन्तर्गतका कार्यरत करार कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कनका आधारमा म्याद थप गर्ने । | |
| ६ | पूर्ण खोप सुनिश्चितता नगरपालिका | चौरजहारी नगरपालिकालाई मिति | |

...प्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

...वली
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| | घोषणा गर्ने सम्बन्धी प्रस्ताव | २०७९ असार २७ गते पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गर्ने । | |
| ७ | विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्ताव | १. केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा **अनुसूची १** बमोजिम भएको रकमान्तरणलाई अनुमोदन गर्ने ।<br>२. यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका टिन, फलामका टुक्रा लगायतका जीर्ण सामग्रीहरू लिलाम बढाबढमा नियमानुसार विक्री गर्ने ।<br>३. चौरजहारी नगरपालिका वडा नम्बर १, २, ३ को टारसिंचाइ नहर अन्तर्गतको सिंचाइ कुलो प्राविधिकको लागत अनुमानका आधारमा मर्मत गरी सञ्चालनमा ल्याउने । | |

गौरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुण्य वादी
नगर प्रमुख

## मिति २०७९/०३/२५ गतेको चौथो नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरु

निर्णय नं. १ : प्रस्ताव नं. १ **'कोभिड-१९ को महामारीबाट प्रभावित अति विपन्न परिवार लक्षित नगद हस्तान्तरण प्राप्त गर्ने लाभग्राही अन्तिम सूची स्वीकृत गर्ने सम्बन्धी प्रस्ताव'** मा छलफल गर्दा कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ दफा ६ को उपदफा (३) बमोजिम प्राप्त निवेदन रितपूर्वक भए नभएको सम्बन्धमा दावी विरोधका लागि सूचना प्रकाशन गरेको लाभगाहीको अन्तिम सूची स्वीकृतिका लागि कार्यपालिकामा पेस हुन आएको देहायबमोजिम नगद प्राप्त गर्न योग्य लाभग्राही परिवारको अन्तिम सूची स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : **'ठेक्काको म्याद थप सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयले विभिन्न मितिमा आह्वान गरेका ठेक्काहरू स्थानीय तह निर्वाचन, समयमै मनसुन सुरु भइ सडक अवरुद्ध लगायतका कारणले समयमै सम्पन्न गर्न कठिन भएको भनि निर्माण व्यवसायीहरूले निवेदन पेस गरेबमोजिमका ठेक्काहरूको श्रवाण १ गते देखि लागु हुने गरी तीन महिना म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव नं. ३ **'सहिद स्मृति नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन सुझाव सङ्कलन कार्यदल गठन सम्बन्धमा'** छलफल गर्दा २०७७ देखि सञ्चालनमा आएको चौरजहारी नगरपालिका १० स्थित सहिद स्मृति नगर अस्पताललाई थप व्यवस्थित रूपमा सञ्चालन र गुणस्तरीय सेवा प्रवाहलाई प्रवर्धन गर्नुपर्ने पक्षका सवालमा सुझाव दिन देहायबमोजिमको **'सहिद स्मृति नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन सुझाव सङ्कलन कार्यदल'** गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

श्री लालबहादुर बुढा – संयोजक

श्री डिलबहादुर गिरी – सदस्य

श्री डा. विवेक के.सी.- सदस्य

श्री विरेन्द्र रोकाय – सदस्य

पुष्प वादी
नगर प्रमुख

ईश्वरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

श्री भीमा थापा – सदस्य

निर्णय नं. ४ : **'पदपूर्ति सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत करारमा कार्यरत कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, कार्यालय सहयोगी, सवारी चालक लगायतका रिक्त पदहरूको सङ्ख्या एकीन गरी पदपूर्ति गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : **'करार म्याद थप सम्बन्धमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका करारमा कार्यरत कर्मचारी, नगर शिक्षक, स्वास्थ्यकर्मी, कार्यालय सहयोगी लगायतका कर्मचारीहरूको करार सेवामा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ बमोजिम कार्यसम्पादनका आधारमा कार्यपालिकाको अर्को बैठकबाट म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : **'पूर्ण खोप नगरपालिका घोषणा गर्ने सम्बन्धमा'** छलफल गर्दा पूर्ण खोप राष्ट्रिय निर्देशिका अनुसार सम्पूर्ण प्रक्रिया पूरा गरी पूर्ण खोप सुनिश्चिता गरिएको हुँदा मिति २०७९ असार २७ गते सोमबारका दिन बिहान ११:०० बजे चौरजहारी नगरपालिका नगर कार्यपालिको सभाहलमा औपचारिक कार्यक्रमको आयोजना गरी पूर्ण खोप नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ **"विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा"** छलफल गर्दा मिति २०७९/०३/२० गतेको नगरपालिकाको निर्णयानुसार **अनुसूची १** मा उल्लेखित केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकमा रकमान्तरण गरिएका योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : **"विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा"** छलफल गर्दा यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका टिन, फलामका टुक्रा लगायतका जीर्ण सामग्रीहरू नियमानुसार लिलाम बढाबढमा विक्री गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वली
नगर प्रमुख

**निर्णय नं. ९ : '''विविध समसामयिक विषयमाथि छलफल गरी निर्णय गर्ने सम्बन्धी प्रस्तावमा''** मा छलफल गर्दा चौरजहारी नगरपालिका वडा नम्बर १, २, ३ को टारसिंचाइ नहर अन्तर्गतको सिंचाइ कुलो प्राविधिकको लागत अनुमानका आधारमा मर्मत गरी सञ्चालनमा ल्याउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

पुष्प बादी
नगर प्रमुख

अनुसूची-१

# चौरजहारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, रुकुम

### रकमान्तर

आ.व. : २०७८/७९ रकमान्तर : कार्यक्रम संशोधन

**घटाउने**

| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०६५९४०२१०१ | महंगी भत्ता | 21132 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २,००,००० | |
| २ | ८०६५९४०२१०१ | स्थानीय भत्ता | 21131 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८,००,००० | |
| ३ | ८०६५९४०२१०१ | करार सेवा शुल्क (बालविकास र विद्यालय कर्मचारीको कार्य सम्पादनमा आधारित पारिश्रमिक) | 22413 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,००,००० | |
| ४ | ८०६५९४०२१०१ | पाथिहाल्ना खेलकुद मैदान निर्माण प्रदेश सरकारसँग म्याचिङ | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,००० | |
| | | | | | | | | १८,००,००० | |

**बढाउने**

| सि.नं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०६५९४०२१०१ | अन्य कार्यालय संचालन खर्च(कार्यालयको लागि पानी, बिजुलि, सवारी साधन मर्मत, वडा कार्यालय, स्वास्थ्य संस्था तथा नगरपालिकाको लागि मसलन्द खर्च समेत) | 22319 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ११,००,००० | |
| २ | ८०६५९४०२१०१ | घरभाडा | 28142 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३,००,००० | |
| ३ | ८०६५९४०२१०१ | सडकमा बिजुली बत्ति विस्तार एंव संचालन खर्च | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४,००,००० | |
| | | | | | | | | १८,००,००० | |

**अक्षरेपी : रुपैयाँ अठार लाख मात्र।**

२०७८/३/२०
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वाली
नगर प्रमुख